# सिद्व कुमाख गाउँपालिकाको गा.पा. अनुदान (शिक्षक तथा कर्मचारी ) परिचालन तथा व्यवस्थापन कार्यबिधी, २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०२/१०**

**प्रस्ताव**नाः सिद्व कुमाख गाउपालिका अन्तर्गगतका सामुदायिक विद्यालयहरुमा हाल कायम रहेका स्थायी, अस्थायी, राहत र शिक्षण सहयोग अनुदान कोटा तथा दरबन्दीहरु अपुग भई विद्यालयको पठनपाठनमा देखिएको समस्यालाई सामाधान गर्न संघिय तथा प्रदेश सरकार बाट दरबन्दी उपलब्ध नहुदा सम्म विद्यालयको पठनपाठनमा सहजीकरणका लागि गाउँपालिकाले विद्यालयमा तहगत र विषयगत अनुदान कोटा सिर्जना गरी शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्न बाञ्छनीय भएकाले।

## परिच्छेद १

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम गा.पा.अनुदान (शिक्षक तथा कर्मचारी)परिचालन तथा व्यवस्थापन कार्यबिधी, २०८० रहेको छ।

१.२ यो कार्यविधि सिद्व कुमाख गाउँपालिका भर तुरुन्त प्रारम्भ हुनेछ ।

१.३ यो कार्यविधि स्थानीय साजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ।

## परिच्छेद २

२. परिभाषाः विषय वा प्रशंगले अर्कोअर्थ नलागेमा यस कार्यविधिमा

२.१ “गाउँपालिका अध्यक्ष” भन्नाले सिद्व कुमाख गाउँपालिका अध्यक्षलाई बुझाउँदछ ।

२.२“गाउँ शिक्षा समिति” भन्नाले सिद्व कुमाखगाउँपालिकामा गठन भएको गाउँ शिक्षा समितिलाई बुझाउँदछ ।

२.३ “प्रमुख प्रशासकिय अधिकृत” भन्नाले सिद्व कुमाख गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत लाई बुझाउँदछ।

२.४ “शिक्षा शाखा प्रमुख” भन्नाले सिद्व कुमाख गाउँपालिकाकाको शिक्षा अधिकृत वा शिक्षा शाखाको कामकाजका लागि तोकिएको कर्मचारीलाई बुझाउँदछ ।

२.५ “पदपूर्ति समिति” भन्नाले सिद्व कुमाख गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने गा.पा.अनुदान कोटामा शिक्षक तथा कर्मचारीहरु छनौटका लागि परिच्छेद-१० बमोजिमको गठित समितिलाई बुझाउँदछ।

२.६" विषय विज्ञ भन्नाले"जिल्ला भरका सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकहरु बाट छनौट भई शिक्षा विकास तथा समन्वय इकाइ सल्यानको अभिलेख वा गाउँपालकाको विषय विज्ञको सूचि भित्र रहेका शिक्षकलाई सम्झनुपर्दछ।

२.७“अनुदान शिक्षक” भन्नाले गाउँपालिकाको अनुदान बाट तलव,भत्ता खाने गरी नियुक्त शिक्षक सम्झनु पर्दछ ।

२.८" प्रारम्भिक वालविकास शिक्षक" भन्नाले चार वर्ष उमेर पूरा भएका वालवालिकालाई कक्षा १ पूर्वको शिक्षा प्रदान गर्ने गरी गाउँपालिका स्रोत बाट तलव, भत्ता खाने गरी नियुक्त शिक्षक सम्झनुपर्दछ।

२.९“अनुदान कर्मचारी” भन्नाले विद्यालयमा लेखा सम्बन्धि कामकाज गर्न वा विद्यालयको अन्य कामकाज गर्न तोकिएका विद्यालय सहायक र कार्यालय सहयोगीलाई सम्झनुपर्छ ।

२.१०“ गाउँपालिका अनुदान कोटा” भन्नाले गाउँपालिकाले विद्यालयमा शिक्षक तथा कर्मचारी अभाव पुर्ति गर्न विद्यालयमा स्थायी वा अस्थायी दरवन्दी सिर्जना नहुन्जेल सम्मका लागि उपलब्ध गराएको अनुदान कोटा सम्झनुपर्छ ।

२.११“गाउँपालिका” भन्नाले सिद्व कुमाख गाउँपालिका सम्झनुपर्दछ ।

२.१२“गाउँकार्यपालिका” भन्नाले सिद्ध कुमाख गाउँपालिकाको कार्यपालिका लाई सम्झनुपर्दछ ।

२.१३ सामुदायिक विद्यालय भन्नाले नेपाल सरकार बाट नियमित अनुदान पाउने गरी अनुमति वा स्विकृत प्राप्त विद्यालय सम्झनु पर्दछ।

२.१४" विद्यालय व्यवस्थापन समिति" भन्नाले विद्यालयको रेखदेख, व्यवस्थापन र सञ्चालनका लागि गठित समितिलाई बुझाउँदछ।

२.१५"स्थानीय शिक्षा ऐन" भन्नाले सिद्ध कुमाख गाउँपालिकाको सभाले स्विकृत गरेको स्थानीय शिक्षा ऐन २०७४ लाई बुझाउँदछ।

२.१६“शिक्षा नियमावली ” भन्नाले सिद्ध कुमाख गाउँपालिकाले निर्माण गरेको शिक्षा नियमावली २०७४लाइ सम्झनुपर्छ

## परिच्छेदः ३

**शिक्षक अनुदान कोटा उपलब्ध गराउने आधारहरु**

३. गाउँ कार्यपालिकाले विद्यालयहरुलाई गाउँपालिका अनुदानमा शिक्षक तथा कर्मचारी अनुदान कोटा देहाय बमोजिमका आधारमा उपलब्ध गराउनेछ ।

३.१ विद्यालयमा संचालित तह र विषय

३.२ विद्यालयमा भएको विद्यार्थी संख्या र विद्यालय सेवा क्षेत्र

३.३ विद्यालयमा उपलब्ध दरवन्दी संख्या

३.४ विद्यालयमा सञ्चालित कक्षाः

३.५ विद्यालयमा संचालित प्राविधिक धार

३.६.विशेष शिक्षा कक्षा सञ्चालन विद्यालय

३.७. शैक्षिक गुणस्तर सुधारका लागि विशेष व्यवस्थापन

४. विद्यालयमा देहायबमोजिम दरबन्दी/अनुदान कोटा कायम गरी अपुग भएमा मात्र गाउँपालिकाले थप शिक्षक /कर्मचारी अनुदान कोटा उपलब्ध गराउनेछ ।

४.१ बालबिकास केन्द्रमा न्युनतम १ दरबन्दी

४.२ कक्षा १-३ संचालित विद्यालयः न्युनतम २ दरबन्दी/अनुदान कोटा

४.३ कक्षा १-५ संचालित विद्यालयः न्युनतम ३ दरबन्दी/अनुदान कोटा

४.४ कक्षा ६-८ संचालित विद्यालयः न्युनतम ४ दरबन्दी/अनुदान कोटा

४.५ कक्षा ९-१० संचालित विद्यालयः न्युनतम ५ दरबन्दी/अनुदान कोटा

४.६ कक्षा ११-१२ सञ्चालित विद्यालय न्युनतम २ अनुदान कोटा

तर उल्लेखित संख्याका आधारमा विद्यालयमा अनुदान कोटा वितरण गर्दा विद्यार्थी संख्या, र विषयगत आधारलाई मूल आधारका रुपमा लिईनेछ।

## परिच्छेद- ४

## शिक्षक नियुक्ति प्रक्रियाः

५ गाउँपालिकाको स्वीकृत बजेट बाट तलव भत्ता खाने गरी शिक्षक नियुक्ति गर्दा देहायबमोजिमको प्रक्रिया अवलम्वन गरिनेछ ।

५.१ शिक्षक दरवन्दी नभएको वा दरवन्दी अपुग भएको विद्यालयमा शिक्षा समितिको सिफारिसको आधारमा गाउँ कार्यपालिकाको निर्णयानुसार तहगत र विषयगत गा.पा.अनुदान कोटा उपलब्ध गराइनेछ ।यसरी शिक्षक अनुदान कोटा उपलब्ध गराउँदा दरबन्दी मिलानको प्रतिवेदन लाई मूल आधारका रुपमा लिईनेछ।

५.२ विद्यालयमा गाउँपालिकाले व्यहोर्ने गरी विद्यालयगत उपलब्ध गराएको अनुदान कोटामा शिक्षक/कर्मचारी पदपुर्ति गर्दा गाउँपालिकाले शिक्षक सेवा आयोगको प्रक्रिया अवलम्बन गरी खुला विज्ञापन गर्नुपर्नेछ।यसरी गरिएको खुला विज्ञापनको जानकारी गाउँपालकाले गाउँपालिकाको आधिकारिक website,facebook page ,सूचना पाटि र सम्भव भएमा स्थानीय पत्र पत्रिका मार्फत सूचना गर्नु पर्नेछ। अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त फारम भर्न लगाई शिक्षा युवा तथा खेलकुद शाखामा सुरक्षित राख्नुपर्नेछ। ।

५.३ खुला विज्ञापनको म्याद समाप्त भईसके पछि परीक्षा समय तालिका प्रकाशन गरी आवेदकलाई जानकारी दिनुपर्नेछ।र सूचना बमोजिम तोकिएको समयमा परीक्षार्थी सहभागी नभएमा नीजहरुलाई सहभागी गराउन गाउँपालिका बाध्य हुने छैन।

५.४ गाउँपालिका द्वारा सञ्चालित परीक्षामा सम्मिलित भई सफल उम्मेद्वारलाई नीजहरुको योग्यताक्रमका आधारमा गाउँपालिकाले अनुसूची-३ बमोजिमको ढाँचामा नियुक्ति पत्र र अनुसूची -४ बमोजिमको ढाँचामा पदस्थापना पत्र दिई विद्यालयमा खटाउनु पर्नेछ। योग्गताक्रमका आधारमा खटाउँदा महिला र अपाङगता भएकालाई पहिलो प्राथमिकतामा राखिनेछ।यसरी गाउँपालिबाट खटिएका शिक्षक/कर्मचारीको हाँजिर भएको जानकारी सम्बन्धित विद्यालयले हाँजिर भएको मितिले१५ दिन भित्र गाउँपालिकामा पेश गर्नु पर्नेछ।

५.५ सम्बन्धित विद्यालयहरुमा अनुदान कोटा रित्त भएमा गाउँपालिकाले दुइ वा दुइ भन्दा बढि वा कुनै एक विद्यालयको पद रित्त हुन आएमा पुनः विज्ञापन गरी पदपुर्ति गर्न सक्नेछ ।

५.६ शिक्षकको विज्ञापन गर्दा आधारभुत तह (कक्षा १-५)को लागि विद्यालयको आवश्यकता र आधारभुत तह ( कक्षा ६-८) तथा माध्यमिक तह (कक्षा ९-१२) को लागि विषयगत मागलाई समेत ख्याल गर्नु पर्नेछ ।

५.७ कक्षा ६-१२ सम्म शिक्षक नियुक्ति गर्दा क्रमश अंग्रेजी, गणित, विज्ञान,नेपाली र सामाजिक विषयलाई ध्यान दिनु पर्नेछ ।

५.८ शिक्षकको योग्यता शिक्षक सेवा आयोग नियामावली, २०५७( संशोधन) ले निर्धारण गरे बमोजिम हुनेछ ।शिक्षा नियामावली बमोजिमको निर्धारित योग्यता अनुसारको शिक्षक उपलब्ध हुन नसकेमा वा खोलिएको विज्ञापनमा दरखास्त नपरेमा वा परीक्षामा उम्मेद्वार असफल भएमा शिक्षक तथा कर्मचारी पदपूर्ति समितिले उपयुक्त कारण देखाई पुनः विज्ञापन आह्वान गर्न सक्नेछ ।

५.९आधारभुत तह र माध्यमिक तहमा गणित, विज्ञान र अंग्रेजी विषयमा खुला विज्ञापन गर्दा पहिलो पटक १५ दिने र दोस्रो पटक कम्तिमा ७ दिने सूचना प्रकाशन गरी न्युनतम योग्यता र अध्यापन अनुमति प्राप्त व्यक्तिहरु बाट दरखास्त आह्वान गर्नेछ।

५.१० उपदफा ५.९ बमोजिम पहिलो र दोस्रो पटक तोकिएको अवधिमा दरखास्त नपरेमा विद्यालयको पठनपाठनलाई सहज बनाउन गणित, विज्ञान र अंग्रेजी विषयमा न्युनतम योग्यता पुगेका तर अध्यापन अनुमति पत्र प्राप्त नगरेका व्यक्तिहरु बाट दरखास्त आह्वान गर्न सकिनेछ तर खोलिएको विज्ञापनमा अध्यापन अनुमति पत्र प्राप्त व्यक्तिको दरखास्तलाई प्राथमिकतामा दिईनेछ। छनौट कार्य पश्चात अध्यापन अनुमति प्राप्त व्यक्तिले गाउँपालिकाको सेवा , सुविधामा काम गर्ने गरी आवश्यक कागजात सहित दाबी गरेमा उपदफा ५.१० बमोजिम नियुक्त गणित, विज्ञान र अंग्रेजी शिक्षकको नियुक्ति जुनसुकै बखत रद्ध गर्न यो कार्यविधि अनुसार कुनै बाधा हुने छैन।

५.११-विद्यालय शिक्षक /कर्मचारी विज्ञापन गर्दा पहिलो पटकलाई समावेशी सिद्धान्त अवलम्बन गरिने छ ।तर पहिलो पटकको विज्ञापनमा कुनै पनि समावेशी समुह तर्फ उमेदवार सफल हुन नसकेमा वा दरखास्त नपरी रित्त हुन आएमा एकमुष्ट योग्यता क्रमका आधारमा गणना गर्दा तहगत र विषयगत एकीन गरी बैकल्पिक सूचीमा परेका उमेदवारहरुमध्ये योग्यता क्रमका आधमारमा नियुक्ति तथा पदस्थापना गरिनेछ।

५.१२ विद्यालय कर्मचारी पदपुर्ति गर्दा गाउँपालिका स्तरीय पदपूर्ति समितिले गाउँ कार्यपालिका बाट स्वीकृत विद्यालय कर्मचारी पदपूर्ति तथा व्यवस्थापन कार्यविधि २०७९ लाई अवलम्बन गर्नु पर्नेछ।

५.१३ शिक्षक छनौट परीक्षा संचालन गर्दा गाउँपालिकाले शिक्षा विकास तथा समन्वय ईकाई सल्यान वा गाउँपालिका द्धारा प्रकाशित विज्ञहरुको अध्यावधिक सूचिबाट विज्ञहरु छनौट गर्नु पर्नेछ।

५.१४.गाउँपालिका द्वारा खोलिएको विज्ञापनमा सफल उम्मेदवारलाई अनुसूची — २ बमोजिमको ढाँचामा बढीमा ६ महिनाको करार सम्झौता गरी विद्यालयमा खटाउनु पर्नेछ।

५.१५. आधारभुत तह( ६-८) र माध्यमिक तह (९-१० )मा सामाजिक विषयको दरखास्त फारम सम्बन्धमा मूल विषय अंग्रेजी,गणित, विज्ञान, जनसंख्या, अर्थशासत्र, लेखा जुनसुकै विषय लिई न्युनतम योग्यता पुगेका उम्मेदवार बाट दरखास्त लिन सकिनेछ।

## परिच्छेद ५

**६.अनुदान कार्यविधि पुर्व गाउँपालिकाबाट अनुदान प्राप्त गरी विद्यालयको नीजि स्रोत शिक्षक सम्बन्धमाः**

गाउँपालिका बाट प्राप्त अनुदानका आधारमा विद्यालयले नीजि स्रोत शिक्षकका रुपमा नियुक्ति गरेका शिक्षक , कर्मचारीहरुलाई गाउँपालिका ले गाउँपालिका अनुदान कोटामा शिक्षक पद पुर्तिका लागि गरिने पहिलो खुला विज्ञापनमा योग्यता पुगेकालाई खुला प्रतियोगितामा समावेश हुन उमेरहद लाग्नेछैन र कार्यरत शिक्षक /कर्मचारीहरुलाई अन्तर्वार्तामा बढीमा ५ अंक थप दिईनेछ तर योग्यता नपुगेका कार्यरत शिक्षक /कर्मचारीहरुको सेवा स्वतः समाप्त हुनेछ ।

## परिच्छेद ६

**विद्यालयमा शिक्षक तथा कर्मचारी अनुदान रकम निकासा गर्ने प्रक्रिया**

७. विद्यालयमा शिक्षक अनुदान निकासा गर्दा देहायबमोजिमका प्रक्रिया अपनाइनेछ ।

७.१ गाउँपालिकाको अनुदान बाट तलव व्यहोर्ने गरी नियुक्त शिक्षक/कर्मचारीहरुको अभिलेखिकरण शिक्षा युवा तथा खेलकुद शाखाले गर्नेछ ।

७.२ शिक्षकको त्रैमासिक माग फारम विद्यालयबाट संकलन गरिनेछ ।

७.३ विद्यालयले पेश गरेको माग फारमको रुजु पश्चात विद्यालयको खातामा त्रैमासिक रुपमा प्रति शिक्षक हुन आउने रकम गाउँपालिका बाट निकासा गरिनेछ।तर कुनै शिक्षकको कार्यसम्पादन सन्तोषजनक नभएमा , लापरबाही गरेमा वा सिकाई उपलब्धिमा सुधार हुन नसकेमा अनुदान निकासा दिन गाउँपालिका बाध्य हुने छैन।

## परिच्छेद ७

## शिक्षक तथा कर्मचारीको पारिश्रमिक निर्धारण सम्बन्धमा

**८. गाउँपालिका अनुदान कोटामा कार्यरत शिक्षक/कर्मचारीहरुलाई मासिक देहाय बमोजिमको पारिश्रमिक उपलब्ध गराइनेछः**

८.१ आधारभुत तह १-५ मासिक रु १८०००का दरले १२ महिना बराबर ।

८.२ आधारभुत तह ६-८ मासिक रु २२०००का दरले १२ महिना बराबर ।

८.३ माध्यमिक तह ९-१० मासिक रु २६००० का दरले १२ महिना बराबर ।

८.४माध्यमिक तह ११-१२मासिक रु ३०००० का दरले १२ महिना बराबर ।

८.५बालबिकास तहका शिक्षकको मासिक रू. १५०००का दरले १२ महिना वरावर ।

८.६ कार्यालय सहायकको मासिक रु १६००० का दरले १२ महिना बरावर ।

८.७ कार्यालय सहयोगीका लागि मासिक रु १०००० का दरले १२ महिना बराबर।

९. दफा ८ मा उल्लेखित सेवा सुविधाका अतिरिक्त अन्य प्रकारका सेवा सुविधा उपलब्ध गराइने छैन तर प्रत्येक आर्थिक बर्षको अन्त्यमा गाउँपालिकाले शिक्षक / कर्मचारीको पारिश्रमिक सम्बन्धमा शिक्षा समितिको सिफारिस र गाउँ कार्यपालिकाको निर्णयको आधारमा अनुदान शिक्षक कर्मचारीको सेवा सुविधा पुनरावलोकन गर्न बाधा पर्ने छैन

।।यसरी शिक्षक / कर्मचारीको सेवा सुविधा पुनरावलोकन सम्बन्धी निर्णय भएमा कार्यबिधीको दफा ८ स्वतः संशोधन हुनेछ ।

## परिच्छेद ८

**विद्यालयहरूलाई उपलब्ध गराइने गा.पा. अनुदान कोटा सम्बन्धी ब्यवस्थाः**

१०. यस गाउँपालिकाबाट उपलव्ध गराईने अनुदानबाट बिद्यालयहरूको देहाय बमोजिमको तहमा अनुदान कोटा निर्धारण गरिनेछ ।

**१. प्रारम्भिक वालविकास केन्द्र।**

**२ आधारभुत तह ( कक्षा १-८)**

**३.माध्यमिक तहः ( कक्षा ९-१०**

**४. माध्यमिक तह( कक्षा ११-१२)**

## परिच्छेद ९

**गाउँपालिकाको अनुदान रोक्का / बन्द /म्याद थप/सेवा बाट हटाउन सकिनेः**

११ देहायको अवस्थामा गाउँपालिकाको अनुदान कोटामा कार्यरत शिक्षक / कर्मचारीलाई सेवा बाट हटाउन सकिनेछ ।

१०.१ आफुले अध्यापन गर्ने विषयमा ५०% विद्यार्थी असफल भएमा

१०.२ खटिएको सेवामा लापरबाही गरेको पाईएमा

१०.३ विद्यालयमा राजनैतिक तथा धार्मिक आस्था राखी विद्यालयको वातावरण खल्वल्याउने प्रयास गरेमा

१०.४ विद्यालयमा शिक्षक तथा कर्मचारीले पालना गर्नु पर्ने आचार संहिता पालना नगरेको पाईएमा

१०.५ कार्यसम्पादन सन्तोषजनक नभएको पाईएमा।

१२ देहायको अवस्थामा गाउँपालिका द्धारा विद्यालयलाई उपलब्ध गराउदै आएको अनुदान कोटालाई शिक्षा समितिको सिफारिस र कार्यपालिकाको निर्णय अनुसार कटौती गर्न सकिनेछ ।

१२.१ शिक्षक तथा कर्मचारी दरबन्दि स्थायी रुपमा सिर्जना वा पदपुर्ति भइ आएमा,

१२.२ संघिय वा प्रादेशिक सरकारबाट शिक्षक तथा कर्मचारी ब्यवस्थापनका लागि अनुदान प्राप्त भएमा,

१२.३ विद्यालय मर्ज वा तह तथा कक्षा घटुवामा परेमा,

## परिच्छेद १०

**शिक्षक /कर्मचारी पदपूर्ति समिति(परीक्षा समिति)**

११. गाउँपालिका अनुदान कोटामा शिक्षक तथा कर्मचारी छनौट/पदपुर्तिका लागि गाउँपालिका स्तरीय एक शिक्षक /कर्मचारी पदपूर्ति समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) गाउँपालिकामा कार्यरत कर्मचारीहरु मध्ये संयोजकले तोकेको एक जना कर्मचारी - सदस्य

(ग) सम्बन्धित तह र विषयको ज्ञान भएका विषय विज्ञ बाट परीक्षा समितिले छानेको सम्भव भएमा एक जना महिला सहित दुई जना विषय विज्ञ- सदस्य

(घ) शिक्षा शाखा प्रमुख — सदस्य सचिव

शिक्षक कर्मचारी छनौट कार्यहरुमा सहयोग गर्न बढिमा दुई जना कर्मचारीलाई सो समितिको बैठकमा आमन्त्रित गर्न सकिनेछ। सो समितिको बैठक भत्ता , विज्ञ पारिश्रमिक तथा खाना , खाजा लगायतको खर्च गाउँपालिकाले व्यहोर्नु पर्नेछ।

## परिच्छेद-११

विविध

११**कार्यबिधी संशोधनः-** यस कार्यबिधीलाई आवश्यकता र औचित्यका आधारमा गाउँकार्यपालिकाले संशोधन गर्न सक्ने छ ।

१२.**खारेजी र बचाउः** यो कार्यविधि प्रचलित कानुन सँग बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ।

गाउँ कार्यपालिकाको मिति२०८०।०२।१० को निर्णय अनुसार गा.पा. अनुदान(**शिक्षक तथा कर्मचारी) परिचालन तथा व्यवस्थापन कार्यबिधी २०८०** पारित भएको ब्यहोरा प्रमाणित गरिन्छ

अनुसूची-१(परिच्छेद-४ को दफा को उपदफा ५.२ सँग सम्बन्धित)

| हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृ फोटो टाँसी गर्ने |
|---|

**सिद्ध कुमाख गाउँकार्यपालिकाको कार्यालय**

**ढोरचौर , सल्यान**

**गा.पा. अनुदान शिक्षक पदको खुला प्रतियोगितात्मक परीक्षाको दरखास्त फारम**

**परीक्षा दिन चाहेको तह, श्रेणी ,समावेशी समूह र विज्ञापन नम्बरः**

**तहः**

विषयः

| समूह | वि.न. | समूह | वि.न. |
|---|---|---|---|
| १.खुला | | २.महिला | |
| ३.आदिवासी / जनजाती | | ५.अपाङ्गता | |
| ४.दलित | | | |

१.व्यक्तिगत विवरण सम्वन्धीः

| | | | |
|---|---|---|---|
| उम्मेदवारको | नाम थर | (देवनागरीमा): | |
| | | (अंग्रेजी ठूलो अक्षरमा): | लिङ्गः |
| | नागरिकता नं.: | जारी गरेको जिल्लाः | जारी मितिः |
| | स्थायी अध्यापन अनुमति पत्र नं. | | तहः |
| स्थायी ठेगाना | जिल्लाः | गा.पा./न.पा. | वडा नं. |
| | टोलः | फोन नं. | |
| पत्राचार गर्ने ठेगाना | | | ईमेलः |
| बाबुको नाम, थरः | | आमाको नाम,थरः | |
| बाजेको नाम,थरः | | पति/पत्नीको नाम ,थरः | |
| (जन्म मिति साल , महिना ,गते): | | वि.स.मा.: | ई.स.मा. |
| | | दरखास्त दिने अन्तिम मिति सम्मको उमेरःवर्षः महिनाः दिनः | |

२.न्यूनतम योग्यता सम्वन्धी विवरण ( सम्वन्धित तहको लागि आवश्यक शैक्षिक योग्यता मात्र उल्लेख गर्ने)

| क्र.सं. | अध्ययन गरेको संस्थाको नाम र ठेगाना | उतिर्ण गरेको | | | कुल प्राप्तांक | प्रतिशत | मुख्य विषयहरु |
|---|---|---|---|---|---|---|---|
| | | परीक्षा | साल | श्रेणी | | | |
| | | | | | | | |
| | | | | | | | |

३.दश महिना वा सो भन्दा माथिको तालिमको विवरण

| क्र.सं. | तालिम दिने संस्थाको नाम र ठेगाना | तालिमको नाम | विषय | परीक्षा उतिर्ण गरेको साल वि.स./ ईस्वी | श्रेणी | प्रतिशत | तालिमको अवधि | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | देखि | सम्म |
| | | | | | | | | |

४.अनुदान शिक्षक पदको खुला परीक्षाको लागि राजश्व (परीक्षा दस्तुर) वापतको रकम ................/-गाउँपालिकाको राजश्व शाखामा जम्मा गरेको रसिद र दरखास्त फारमसाथ संलग्न कागजातहरुको फोटोकपिमा सक्कल बमोजिम नक्कल ठिक छ भनि दस्तखत गरि थान ......यसै साथ पेश गरेको छु ।

५. यसै दरखास्तमा उल्लेख गरेका सम्पूर्ण विवरणहरु सत्य छन्।उम्मेदवारका लागि दिइएको निर्देशन मैले राम्ररी पढेको छु र म ती शर्तहरु पालन गर्न मञ्जुर गर्दछु । लेखिएको विवरण झुठा ठहरिएमा कानुन बमोजिम सहुँला बुझाउँला।

ल्याप्चे सहिछा

| दायाँ | बायाँ |
|---|---|
| | |

उम्मेदवारको दस्तखत

मिति.................

## सिद्ध कुमाखगाउँपालिका

**गाउँपालिका ।अनुदान शिक्षक पदको खुला प्रतियोतितात्मक परीक्षा**

**प्रवेश-पत्र**

हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृत देखिने फोटो टाँसि फोटोमा समेत पर्नेगरी उम्मेदवार र अधिकृत कर्मचारीले दस्तखत गर्ने

**परीक्षार्थीले भर्ने :**

(क) उम्मेदवारको नाम, थर : ................................................................

(ख) तह र श्रेणी : ........................................

| (ग) विज्ञापन नं. | | | | | |
|---|---|---|---|---|---|
| (घ) समावेशी समूह : (उल्लेख गर्ने) | (१) | (२) | (३) | (४) | (५) |

(ङ) परिक्षा दिने विषय : ..........................................

(च)स्थायी ठेगानाभएको जिल्लाः ........................................................................................................

छ) परिक्षार्थीको दस्तखत : .....................................

**दस्तखत सङ्कलन गाउँपालिकाको सम्बन्धित कर्मचारीले भर्ने :**

यस गाउँपालिकाबाट मिति ............................................ मा लिइने प्रतियोगितात्मक खुल्ला परिक्षामा तपाईलाई सम्मिलित हुन अनुमति दिइएको छ। विज्ञापनमा तोकिएको शर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो प्रवेश पत्र रद्द हुनेछ। -परीक्षाकेन्द्र र मिति पछि तोकिनेछ।)

.........................

स्थानियतह : ...................... परीक्षा केन्द्र : ....................... रोल नं. : .................. अधिकृतको दस्तखत

**परीक्षार्थीले पालना गर्नु पर्ने नियमहरु :**

१. परिक्षर्थीले परीक्षा भवनमा परीक्ष दिन आउँदा प्रवेश पत्र अनिवार्य ल्याउनु पर्ने छ। प्रवेश पत्र विना परीक्षमा बस्न पाईने छैन ।

२ परिक्षाहलमा मोबाइल फोन ल्याउन पाइने छैन ।

३. लिखित परीक्षा उत्तिर्ण हुनेले अन्तवार्ता हुने दिनमा प्रवेश पत्र अनिवार्य रुपमा ल्याउनु पर्ने छ ।

४. दरखास्त फाराममा लेखिएको तह, श्रेणी र विषयको परीक्षामा मात्र सम्मिलित भई परिक्षा दिनु पर्नेछ ।

५. परीक्षार्थी वस्तुगत परीक्षामा उतिर्ण नभएमा द्धितीय चरणको लिखित परीक्षामा सहभागी हुन पाईने छैन।

६.उत्तर पुस्तिकामा नामथर, रोल नम्वर आदि विवरण लेखेको कभर पेजको ठीक पछाडिको पृष्ठमा उत्तर लेख्नु हुँदैन ।

७.गाउँपालिकाले तोकेको परीक्षा केन्द्र बाहेक अन्य केन्द्रबाट परीक्षा दिन पाइने छैन ।

८. परीक्षामा सिसाकलमको प्रयोग गर्न पाइने छैन । सो प्रयोग गरिएको पाइएमा परीक्षा रद्ध हुनेछ

९. परीक्षा सुरु हुनुभन्दा ३० मिनेट अगाडि जनाउ घण्टीले सूचना गरेपछि परीक्षा भवनमा प्रवेश गर्नु पर्नेछ ।

१०. परीक्षा सुरु भएको आधा घण्टापछि आउने परीक्षार्थीलाई परीक्षा हलमा प्रवेश गर्न दिइने छैन ।

११. परीक्षा सुरु भएको एक घण्टा व्यतित नभए सम्म परीक्षा भवनबाट बाहिर जान पाइने छैन ।

१२ परीक्षा भवनमा किताव, कापी, कागत, चिट आदि लैजान पाइने छैन । परीक्षार्थीले आपसम कुराकानी र सङ्केत गर्न पाइने छैन ।

१३.आफूलाई चिनाउने कुनै सङ्केत, फोन, मोबाइल नं. आदि उत्तर पुस्तिकामा लेख्न पाइने छैन । लेखेमा परीक्षा रद्द हुनेछ ।

१४.परीक्षा भवनमा अनुचित काम गरेमा प्रचलित कानुन तथा शिक्षक सेवा आयोगको नियमावली एवं निर्देशिका अनुसार कारबाही हुनेछ ।

१५ गाउँपालिकाको प्रकाशित विज्ञापन वा सूचनामा उल्लेखित कार्यक्रम अनुसार परीक्षा हुनेछ ।

## अनुसूची — २
## करार सम्झौता (परिच्छेद -४ को दफा को उपदफा ५.१४ सँग सम्बन्धित)

सिद्ध कुमाख गाउँपालिका ,गाउँकार्यपालिकाको कार्यालय ,(यसपछि पहिलो पक्ष भनिएको ) र सल्यान जिल्ला , …………………गाउँपालिका , वडा नं. …..बस्ने श्री ……….(यस पछि द्रोस्रो पक्ष भनिएको )का बिच सिद्ध कुमाख गाउँपालिकाको ……………………………………….विद्यालयमा खटिई शिक्षण पेसामा आबद्ध हुन मिति २०८०/../..को निर्णय अनुसार देहायका कार्य / शर्तको अधिनमा रही दोस्रो पक्षले पहिलो पक्षलाई सेवा उपलव्ध गराउन मन्जुर भएकाले यो करार सेवाको सम्झौता गरी एक /एक प्रति आपसमा बुझि लियौं दियौः

१.शिक्षण पेशामा आवद्ध सम्बन्धमाः दोस्रो पक्षले आफूलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकता अनुसार थप काम गर्नु पर्नेछ ।

२.काम गर्नु पर्ने स्थानः सिद्ध कुमाख गाउँपालिका अन्तर्गतका विद्यालयहरु ।

३. करारमा शिक्षण गरे बापत पाउने पारिश्रमिकः प्रत्येक महिना व्यतित भए पछि मासिक रु ……… का दरले विद्यालयको खातामा त्रैमासिक निकासा गरिने,

४.आचारसंहिता पालनाः दोस्रो पक्षले शिक्षा एन, नियमावलीमा भएको प्रचलित कानुनी व्यवस्था भएको आचार संहिता तथा विद्यालय व्वस्थापपन समितिले बनाएका थप आचारसंहिताहरुको अनिवार्य पालना गर्नु पर्नेछ।

५.विदाः दोस् पक्षलाई सार्वजनिक विदा र भैपरी/ पर्व विदा बापतको ६/६ दिन गरी बार्षिक विदा १२ दिन बाहेक अन्य कुनै विदा उपलब्ध हुनेछेन।

६.विद्यालयको सम्पतिको सूरक्षाः दोस्रो पक्षले विद्यालयको चल,अचल सम्पतिको नोक्सानी वा हिनामिना गरेमा कानुन बमोजिम सजाय दिने दायित्व पहिलो पक्षको हुनेछ।

७ गोपिनियताःदोस्रो पक्षले विद्यालयको कागजात , जिन्सी सामान एवं कागजात कुने अनधिकृत व्यक्तलाई उपलब्ध गराएको प्रमाणित भएमा वा गोपिनियता भंग भएमा दोस्रो पक्षलाई करार बाट हटाई प्रचलित कानूनी व्यवस्था अनुसार कारवाही गर्ने दायित्व पहिलो पक्षको हुनेछ।

८.करार अवधिःयो करार २०८०/……../………. देखि २०८०/………/………. सम्मका लागि हुनेछ।

९.पारिश्रमिक कट्टी र करार सेवाको शर्त अन्त्यःदोस्रो पक्षले पहिलो पक्षलाई लगातार ७( सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, विदा स्वीकृत नगरराई विद्यालयमा अनुपस्थित भएमा सो अवधिको पारिश्रमिक मासिक तलव बाट कट्टा गरी निकासा गगरिनेछ साथै कार्यसम्पादन सन्तोषजनक नभएमा, लापरवाही गरेमा वा अनुशासनहीन कार्य गरेमा दोस्रो पक्ष सँगको सम्झौता पहिलो पक्षले जुन सुकै बखत रद्ध गरी नीजको सट्टामा अर्को व्यक्ति करारमा नियुक्तिका लागि विज्ञापन गर्न कुनै बाधा पर्ने छेन।

१०.दावी नपुग्नेः दोस्रो पक्षले यस करार बमोजिम काम गरेके आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि कुनै पनि दाबी गर्न पाउने छैन/गर्ने छैन।

११.प्रचलित कानुन लागू हुनेः यस सम्झौतामा उल्लेख नभएका कुरा प्रचलित नेपाल कानुन बमोजिम र यस गाउँपालिका गा. पा. अनुदान शिक्षक तथा कर्मचारी परिचालनन तथा व्यवस्थापन कर्यविधि २०८० बमोजिम हुनेछ।

| | |
|---|---|
| पहिलो पक्ष | दोस्रो पक्ष |
| ……………… | ……………… |
| हस्ताक्षरः | हस्ताक्षर |
| नाम थरः | नाम थरः |
| पदः | ठेगानाः |

मितिः मितिः

कार्यालयको छापः

अनुसुची-३

**नियुक्ति पत्रको ढाँचा** ( परिच्छेद- ४ को दफा ५ को उपदफा ५.४ सँग सम्बन्धित)

मितिः

विषयः

श्री...................................

..........................................

प्रस्तुत विषयमा विद्यालयमा हाजिर भएको मिति देखि सिद्ध कुमाख गाउँपालिकाको गा.पा. अनुदान( शिक्षक तथा कर्मचारी) परिचालन तथा व्यवस्थापन कार्यविधि २०८० को परिच्छेद ७ को नियम ८ मा उल्लेखित पारिश्रमिक तथा अन्य सुविधा पाउने गरी तपाईलाई देहाय बमोजिम अस्थायी /करार पदमा नियुक्ति गरिएको छ।

प्रचलित ऐन, नियम र गाउँपालिका स्वीकृत कार्यविधि भित्र ररही तोकिएको जिम्मेवारी उच्च मनोबलका साथ कुशल्तापूर्वक बहन गर्नुहुनेछ भन्ने अपेक्षा गरिएको छ।

**अस्थायी/ करार नियुक्ति गरिएकोः**

पदः ..........

हः...........

किसिमः गाउँपालिका अनुदान

विद्यालयको नामः..........................

गरिमामय शिक्षक/कर्मचारी पदमा नियुक्ति हुनु भएकोमा हार्दिक बधाई छ।

..........................

प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः

१.श्री सिद्ध कुमाख गाउँपालिका —आर्थिक प्रशासन शाखा

२.श्री ........................ विद्यालय

अनुसुची-४

पदस्थापना पत्रको ढाँचा( परिच्छेद-४ को दफा ५ को उपदफा ५.४ सँग सम्बन्धित)

मितिः

विषयः

श्री.......................................

..........................................

प्रस्तुत विषयमा सिद्ध कुमाख गाउँपालिकाको गा. पा. अनुदान ( शिक्षषकतथा कर्मचारी) परिचालन तथा व्यवस्थापन अनुदान कार्यविधि २०८० बमोजिम यस गाउँपालिकाको निर्णय अनुसार तपाईलाई तपपशिलको विद्यालयमा पदस्थापना गरिएको छ।

तपशिलः

| |
|---|
| पदस्थापना गरिएको विद्यालयको नामः<br>ठेगानाः<br>पदः<br>तहः<br>किसिमः<br>विषयः |

.............................

प्रमुख प्रशासकीय अधिकृत

मितिः